फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-७ संख्या-९ मितिः२०८०।१०।२८

भाग-२

## फुङलिङ नगरपालिका

## “फुङलिङ नगरपालिकाको मर्मत सम्भार कोष संचालन व्यवस्थापन कार्यविधि, २०८०”

**कार्यपालिका बैठकबाट पारित मितिः २०८०।१०।२५**

**मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८०**

प्रस्तावनाः

भौतिक पूर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरूले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात, सिचाईको तथा खानेपानीको पहुँच ग्रामीण क्षेत्रसम्म पुऱ्याउने नगरपालिकाको लक्ष्य पनि हो । नगर क्षेत्रमा सडकहरुको ट्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सुचारू गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरूरी हुन्छ । तसर्थ सडक, सिचाई, खानेपानी र भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम मर्मत संभार कोष संचालन कार्यविधि २०८० रहने छ ।

ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२. परिभाषाः-**

क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८० लाई बुझाउँने छ ।

ख) “नगरपालिका" भन्नाले फुङलिङ नगरपालिका बुझाउँने छ ।

ग) “स्थानीय तह" भन्नाले फुङलिङ नगरपालिकालाई बुझाँउने छ ।

घ) उपभोक्ता समिति” भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन तथा व्यवस्थापन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद - २ (दुई)

**३. व्यवस्थापन समिति**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छः-

१. नगरपालिका नगरप्रमुख - संयोजक

२. नगरपालिका उपप्रमुख – सदस्य

३. पुर्वाधार विकास समितिको संयोजक - सदस्य

४. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

५. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

६. नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट संयोजकले तोकेको १ जना महिला सदस्य - सदस्य

७. पुर्वाधार विकास शाखा प्रमुख - सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा ३ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।

ग) व्यवस्थापन  समितिको  बैठक भत्ता नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ।

घ) बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद- तीन

**४. कोष स्थापनाः-**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम।

ग) नगरसभाबाट विनियोजित भएको रकम।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले    हुन आउने रकम।

च) ऋणबाट प्राप्त हुने रकम।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम।

ज) विविध स्रोत बाट प्राप्त हुने रकम।

**५. कोष सञ्चालन**

क) कोषको नाममा प्राप्त हुन आएको रकम फुङलिङ नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ।

(ख) सडक, भवन, खानेपानी लगायतका संरचनाको मर्मत सम्भार गर्नुपर्ने आवश्यकता पहिचान तथा मर्मत सम्भारको सिफारिस सम्बन्धित वडाले नगरपालिकामा दिनुपर्नेछ।

(ग) नगरपालिकामा निवेदन दर्ता भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राविधिक खटाई मर्मत सम्भार गर्नुपर्ने संरचनाको लागत ईष्टिमेट गर्न लगाउनुपर्नेछ।

(घ) प्राविधिकबाट लागत अनुमान प्राप्त भएपछि मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठकको निर्णयबाट निर्णय गराई प्रमुख प्रशासकीय अधिकृतले योजना सम्झौता गरी कार्यादेश दिनुपर्नेछ।

(ङ) कार्यसम्पन्न पश्चात प्राविधिक मूल्याङ्कन, बिल भरपाई, अनुगमन समितको प्रतिवेदन र वडाको सिफारिसको आधारमा सम्बन्धित पक्षलाई भुक्तानी दिनेछ।

(च) उपभोक्ता समिति मार्फत मर्मत सम्भार गर्नुपरेमा सम्बन्धित उपभोक्ताको तर्फबाट कम्तिमा १० (दश) प्रतिशत नगद लागत सहभागिता गर्नुपर्नेछ।

छ) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

ज) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

झ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

ञ) प्राकृतिक प्रकोपबाट क्षति भएका संरचनाहरु मर्मत गर्नु पर्दा दफा ५ को उपदफा (च) आकर्शित हुने छैन।

## परिच्छेद - ४ (चार)

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछः-

१) सडक, कल्भर्ट, पूल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य।

२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य।

५) सडक बोर्ड वा अन्य साझेदार निकायसँगको साझेदारीमा नगरभित्र गरिने सडक मर्मत कार्य।

६) सडक मर्मतको लागि प्रयोग हुने नगरपालिकाको हेभी ईक्युपमेण्टको इन्धन र मर्मत गर्ने कार्य।

७) मर्मत सम्भार कोषको प्रयोगबाट निर्माण भएका भौतिक संरचनाको मर्मत सम्भार सम्बन्धी कार्य गर्ने बाहेक नयाँ ट्र्याक खोल्ने, नयाँ योजना संचालन गर्ने र कार्यालयको प्रशासनिक खर्च जस्ता कार्यमा खर्च गरिने छैन।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्डः-**

क) उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आबधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ।

१. सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।
२. नगर यातायात गुरुयोजना MTMP मा परेका सडकहरु।
३. भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।
४. लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा।
५. मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा।
६. सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा।
७. दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कन्भट, कुलो पैनी, बाँध आदी।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः-**

क) नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ।

<u>**परिच्छेद - ५ (पाँच)**</u>

**९. संसोधन वा खारेजी:-**

क) मर्मत सम्भार कोष संचालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा नगरकार्यपालिकाबाट हुनेछ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

समाप्त

**आज्ञाले**

जय नारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत